# प्रदेश राजपत्र

प्रदेश नं. ७, प्रदेश सरकारद्वारा प्रकाशित

**खण्ड २) धनगढी, कैलाली, भदौ ३ गते, २०७५ साल (अतिरिक्ताङ्क ४**


## भाग १

## प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

### प्रदेश नं. ७ धनगढी, कैलाली

नेपालको संविधानको धारा १७६ बमोजिमको प्रदेश नं. ७ को प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७५ सालको ऐन नं. १०

# मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५

**प्रस्तावना** : प्रदेश नं ७ का मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाको शर्त सम्बन्धमा कानून तर्जुमा गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा १६० को उपधारा (७) बमोजिमको व्यवस्था गर्न प्रदेश नं ७ को प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले सर्वोच्च अदालत, उच्च अदालत, जिल्ला अदालत सम्झनु पर्दछ। सो शव्दले कानून बमोजिम स्थापना भएका अन्य न्यायिक निकाय र मुद्दा हेर्न तोकिएका निकायहरु समेतलाई जनाउँदछ।

(ख) "प्रदेश" भन्नाले प्रदेश नं ७ लाई जनाउँदछ।

(ग) "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका बमोजिम तोकिएको सम्झनु पर्दछ।

(घ) "न्यायाधिवक्ता" भन्नाले मुख्य न्यायाधिवक्ताको कार्यालयमा रहेका, सहायक न्यायाधिवक्ता उपन्यायाधिवक्ता र सहन्यायाधिवक्तालाई समेत सम्झनु पर्छ।

(ङ) “महान्यायाधिवक्ता” भन्नाले संविधानको धारा १५७ को उपधारा (२) बमोजिम नियुक्त भएको नेपालको महान्यायाधिवक्ता सम्झनु पर्छ ।

(च) “मुख्य न्यायाधिवक्ता” भन्नाले संविधानको धारा १६० बमोजिम नियुक्त भएको मुख्य न्यायाधिवक्ता सम्झनु पर्छ ।

(छ) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

३. **मुख्य न्यायाधिवक्ताको कार्यालय तथा कर्मचारी :** (१) प्रदेश राजधानी रहेको स्थानमा मुख्य न्यायाधिवक्ताको कार्यालय रहनेछ ।

(२) मुख्य न्यायाधिवक्ताको कार्यालयमा आवश्यक संख्यामा महान्यायधिवक्ताको कार्यालयबाट खटाईएका कर्मचारीहरु रहनेछन् ।

(३) मुख्य न्यायाधिवक्ताको निर्देशनमा रही सो कार्यालयको बरिष्ठतम् न्यायाधिवक्ता वा अधिकृतले मुख्य न्यायाधिवक्ताको कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कार्य गर्नेछ ।

४. **काम, कर्तव्य र अधिकार :** (१) संविधानको धारा १६० मा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त मुख्य न्यायाधिवक्ताको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक, हित वा सरोकार रहेको, संविधान वा कानूनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानूनी प्रश्न समावेश भएको वा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको विचाराधीन मुद्दामा प्रदेश सरकार वा प्रदेश सरकारको तर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने, गराउने,

(ख) प्रदेश सरकार र मातहतका निकायहरुका नाममा अदालतबाट भएका आदेश वा फैसलाहरुको प्रभावकारी कार्यान्वयन गर्न गराउन प्रदेश स्थित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयलाई पत्राचार गरी कार्यान्वयनको अनुगमन गर्ने गराउने,

(ग) प्रचलित प्रदेश कानूनको कार्यान्वयनको क्रममा कुनै कठिनाई आई परेमा वा प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा तत्काल कानून बनाउनु पर्ने वा भैरहेको कानून संशोधन गर्न वा भैरहेको कानून लागू गर्नु पर्ने देखिएमा कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(घ) प्रदेश सरकारका मन्त्रालय, सचिवालय, विभाग वा अन्य प्रदेश सरकारका कार्यालयबाट अदालतमा प्रस्तुत हुने लिखित जवाफ लगायतका कानूनी मस्यौदामा स्तर तथा एकरुपता कायम गर्न त्यस्ता कार्यालयसंग आवश्यक समन्वय गर्ने र त्यस्ता कार्यालयलाई आवश्यक निर्देशन दिने,

(ङ) प्रदेश सरकारको मातहतमा रहेका हिरासत तथा थुनुवा कक्षमा रहेका थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको सम्वन्धमा अनुगमन गरी मानवोचित व्यवहार गर्न आवश्यक निर्देशन दिने र सो को अनुगमन प्रतिवेदन महान्यायाधिवक्ता तथा मुख्यमन्त्री समक्ष पेश गर्ने,

(च) प्रदेश सरकार, प्रदेश सरकारको कार्यालय वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले कुनै संवैधानिक

वा कानूनी प्रश्नमा राय माग गरेमा कानूनी राय दिने ।

(२) प्रदेश सरकारलाई सरोकार पर्ने कुनै मुद्दामा बहस पैरवी वा प्रतिरक्षाको लागि सम्बन्धित अधिकारीले मुख्य न्यायाधिवक्तालाई अनुरोध गरी पठाएमा मुख्य न्यायाधिवक्ता आफैले प्रतिनिधित्व गर्ने वा कुनै न्यायाधिवक्तालाई खटाउन सक्नेछ ।

(३) कुनै न्यायिक वा अर्धन्यायिक निकायबाट भएको निर्णय वा आदेशबाट प्रदेश सरकारको हकहित वा सार्वजनिक हितमा असर पर्ने रहेछ र त्यस्तो निर्णय वा आदेश विरुद्ध मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन वा अन्य कुनै कानूनी उपचार प्राप्त गर्न कानून बमोजिम कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता वा निजले तोकेको न्यायाधिवक्ताले त्यस्तो निर्णय वा आदेश विरुद्ध कानून बमोजिम सम्बन्धित निकायमा मुद्दा दायर गर्न, पुनरावेदन गर्न वा पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(४) प्रदेश कानून बमोजिम स्थापित संस्था वा निकायले गरेको कुनै निर्णय वा काम कारबाहीबाट प्रदेश सरकारको हक हित प्रतिकूल भएको वा संविधान वा प्रचलित कानूनको उल्लङ्घन वा सार्वजनिक हित विपरीत भएको छ भन्ने मुख्य न्यायाधिवक्तालाई लागेमा र त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध उजूर गर्न कानूनले कुनै अधिकारी तोकिएको रहेनछ भने मुख्य न्यायाधिवक्ता आफैंले वा निजले तोकेको न्यायाधिवक्ताले त्यस्तो निर्णय वा काम कारबाही विरुद्ध कानूनी उपचार प्राप्त गर्न सक्नेछ ।

(५) मुख्य न्यायाधिवक्तालाई सम्वन्धित प्रदेश सरकारको हक हित र सरोकार रहेको विषयमा नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुनेछ ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि मुख्यन्यायाधिवक्ता पदमा वहाल रहदाको अवधिभर प्रदेश सरकार पक्ष विपक्ष भएको मुद्धामा वाहेक नागरिक पक्ष विपक्ष भएको मुद्धामा वहस, पैरवी वा प्रतिरक्षा गर्ने उद्देश्यले नेपालको जुनसुकै अदालत, न्यायिक निकाय, कार्यालय र पदाधिकारी समक्ष उपस्थित हुने अधिकार हुनेछैन ।

(७) मुख्य न्यायाधिवक्ताले सम्वन्धित प्रदेश सभा वा त्यसको कुनै समितिले गरेको आमन्त्रण बमोजिम त्यस्तो सभा वा बैठकमा उपस्थित भई कानूनी प्रश्नको सम्वन्धमा राय व्यक्त गर्ने छ ।

(८) मुख्य न्यायाधिवक्ताले विषयको गाम्भिर्यताको आधारमा अदालतमा विचाराधीन कुनै मुद्दामा प्रदेश सरकारको तर्फबाट बहस, पैरवी वा प्रतिरक्षा गर्न विज्ञको आवश्यकता देखेमा प्रदेश सरकारले निर्धारण गरेको मापदण्डका आधारमा पारिश्रमिक प्रदान गर्ने गरि कुनै कानून व्यवसायीलाई वहस, पैरवी वा प्रतिरक्षा गर्न तोक्न सक्नेछ ।

५. **सहयोग गर्नु पर्ने** : (१) प्रदेश सरकार पक्ष वा विपक्ष भएको मुद्दा वा प्रदेश सरकारलाई सरोकार पर्ने अन्य कुनै मुद्दा कुनै अड्डा अदालतमा विचाराधीन रहेको अवस्थामा वा मुद्दा दायर गर्नु पर्ने भएमा साक्षी प्रमाण जुटाउने लगायतका काममा मुख्य न्यायाधिवक्ताले सहायता माग गरेमा प्रदेशका सम्बन्धित मन्त्रालय, विभाग वा निकायले मुद्दाको वस्तुस्थिति बुझेको कर्मचारी खटाई सहयोग गर्नु पर्नेछ ।

(२) प्रदेश सरकारलाई सरोकार पर्ने मुद्दामा आवश्यक पर्ने निर्णय, मिसिल, फाईल वा कागजात मुख्य न्यायाधिवक्ताको कार्यालयबाट माग भएमा प्रदेशका सम्बन्धित मन्त्रालय, सचिवालय, विभाग वा कार्यालयका प्रमुखले यथाशीघ्र मुख्य न्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेछ ।

६. **लिखित जवाफ तथा प्रतिरक्षाको लागि अनुरोध गर्नु पर्ने** : प्रदेश सरकार र सो अन्तर्गतका निकायहरुले अदालत वा न्यायिक निकायहरुमा निवेदन, लिखित जवाफ, प्रत्युत्तर, पुनरावेदन, पुनरावलोकन पेश गर्दा वा बहसपैरवी तथा प्रतिरक्षा गर्नुपर्ने भए मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत आवश्यक कागजात संलग्न राखि अनुरोध गर्नु पर्नेछ ।

७. **कानूनी राय माग्दा पुऱ्याउनु पर्ने रीत** : (१) प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अधिकारीले प्रदेश सरकार वा प्रदेश सरकार मातहतका कार्यालयहरुले कुनै संवैधानिक वा कानूनी प्रश्नमा मुख्य न्यायाधिवक्ताको कार्यालयमा राय माग गर्दा देहाय बमोजिमको रीत पूरा गरेको हुनु पर्नेछ :-

(क) राय माग गरिएको विषयमा निर्णय गर्ने अधिकार त्यस्तो राय माग्ने कार्यालय वा अधिकारीलाई भएको हुनु पर्ने,

(ख) राय माग गरिएको विषय सँग सम्बन्धित सम्पूर्ण विवरण संक्षेपमा खुलाई सम्बन्धित कागजात संलग्न गरिएको हुनु पर्ने,

(ग) राय मागिएको विषयमा स्पष्टतः संवैधानिक वा कानूनी प्रश्न उल्लेख गरिएको हुनु पर्ने,

(घ) राय मागिएको विषयमा अन्य कुनै कार्यालय वा अधिकारीको समेत राय लिनु पर्ने वा अन्य कुनै प्रक्रिया पूरा गर्नु पर्ने भएमा सो राय लिएको वा त्यस्तो प्रक्रिया पूरा गरेको हुनु पर्ने,

(ङ) राय माग गरिएको विषयमा राय माग गर्ने निकायको राय वा अधिकारीको स्पस्ट दृष्टिकोण उल्लेख भएको हुनु पर्ने,

(२) उपदफा (१) बमोजिम राय माग गरिएको विषय र राय दिएको विषय सो विषयको निर्णय नहुदासम्म गोप्य राख्नु सम्वन्धित पदाधिकारीहरुको कर्तब्य हुनेछ ।

८. **मुद्दाको बहसमा तजबिज** : (१) प्रदेश सरकारलाई सरोकार पर्ने मुद्दामा मुख्यन्यायाधिवक्ताले कुनै विशेष निर्देशन दिएको रहेछ भने त्यसको अधीनमा रही मुख्यन्यायाधिवक्ताको कार्यालयको न्यायाधिवक्ताले व्यवसायिक आचरणको पालना गरी आफ्नो तजबिज अनुसार मुद्दामा बहसपैरवी गर्नेछ ।

(२) उपदफा (१) बमोजिम बहस पैरवी गरेको कारणलाई मात्र आधार लिई निज न्यायाधिवक्ता उपर कुनै कारबाही गरिने वा मुद्दा चलाइने छैन ।

९. **कारबाही गर्न सक्ने** : (१) प्रदेश सरकारको हक हित र सरोकार रहेको मुद्दामा प्रदेश सरकारको कुनै अधिकारीले लापरवाही वा बदनियतसाथ काम गरेको वा संलग्न वा उल्लेख गर्नु पर्ने उपलब्ध प्रमाण वा सबुत संलग्न वा उल्लेख नगरी मुद्दालाई कमजोर बनाएको मिसिलबाट देखिएमा मुख्य न्यायाधिवक्ताले त्यस्तो अधिकारीलाई निजको सेवा शर्त सम्बन्धी कानून बमोजिम

सम्वन्धित निकाय समक्ष विभागीय कारबाहीको लागि लेखी पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुख्य न्यायाधिवक्ताबाट लेखी आएमा प्रचलित कानून बमोजिम कारवाही गर्नु पर्ने देखिएमा सम्बन्धित निकायले त्यस्तो अधिकारीलाई विभागीय कारबाही गर्नु पर्नेछ ।

१०. **मार्गदर्शन तथा सुझावको पालना गर्नु पर्ने** : (१) महान्यायाधिवक्ताले प्रदेशको मुख्य न्यायाधिवक्तालाई संविधान तथा संघीय कानूनको कार्यान्वयनको सम्बन्धमा आवश्यक सुझाव वा मार्गदर्शन दिनसक्नेछ ।

(२) उपदफा (१) बमोजिम महान्यायाधिवक्ताले दिएको सुझाव वा मार्गदर्शनको पालना गर्नु मुख्य न्यायाधिवक्ताको कर्तव्य हुनेछ ।

११. **वार्षिक प्रतिवेदन** : (१) मुख्यन्यायाधिवक्ताले प्रत्यक आर्थिक बर्षमा आफ्नो कार्यालयले गरेका कामकारवाहीको सम्बन्धमा तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरी त्यस्तो आर्थिक वर्ष समाप्त भएको  तीन महिनाभित्र प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ र प्रदेश प्रमुखले मुख्यमन्त्री मार्फत त्यस्तो प्रतिवेदन प्रदेश सभामा पेश गर्न लगाउनेछ ।

(२) उपनियम (१) बमोजिम पेश गरिने वार्षिक प्रतिवेदनमा अन्य कुराका अतिरिक्त आफ्नो र मातहतका कार्यालयको भौतिक स्थिति, कार्यबोझ, काम कारबाही र बिनियोजित रकम तथा उपलव्धिको विषयमा आवश्यक सिफारिस र सुझावहरु समेत उल्लेख गरेको हुनु पर्नेछ ।

१२. **पारिश्रमिक र अन्य सुविधा** : मुख्य न्यायाधिवक्ताको पारिश्रमिक तथा अन्य सुविधा उच्च अदालतका न्यायाधीश सरह प्रदेश सरकारबाट उपलब्ध हुनेछ ।

१३. **विदा स्वीकृति** : (१) मुख्यन्यायाधिवक्ताको विदा मुख्य मन्त्रीबाट स्वीकृत हुनेछ ।

(२) पर्व विदा र भैपरी विदा मुख्य न्यायाधिवक्ताले आफै लिन सक्नेछ । तर एकै पटक तीन दिनभन्दा लामो विदामा बस्नु परेमा मुख्यमन्त्रीको सहमति लिनु पर्नेछ ।

१४. **शपथ ग्रहण** : मुख्यन्यायाधिवक्ताले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि प्रदेश प्रमुखको उपस्थितिमा उच्च अदालतको मुख्यन्यायाधीश समक्ष अनुसूची १ बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

१५. **अधिकार प्रत्यायोजन** : (१) मुख्यन्यायाधिवक्ताले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार कुनै अधिकार आफ्नो कार्यालयका न्यायाधिबक्ता वा अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि महान्यायाधिवक्ताको कार्यालयबाट खटिएका अधिकृतले नेपाल सरकारको विरुद्धमा बहस पैरवी वा प्रतिरक्षा गर्ने गरी अधिकार प्रत्यायोजन गर्न सकिनेछैन ।

१६. **आचार संहिता बनाउन सक्ने** : प्रदेश मन्त्रिपरिषद्ले मुख्यन्यायाधिवक्ता र निजको कार्यालयका न्यायाधिवक्ता वा अधिकृत तथा दफा ४ को उपदफा (८) बमोजिम तोकिएको कानूनब्यवसायीले पालना गर्नु पर्ने आचार संहिता बनाई लागु गर्न सक्नेछ ।

१७. **नियम बनाउन सक्ने** : (१) यो ऐनको कार्यान्वयनका लागि मुख्यन्यायाधिवक्तासँग आवश्यकता अनुसार परामर्श गरी प्रदेश सरकारले नियम बनाउन सक्नेछ।

१८. **निर्देशिका बनाउन सक्ने** : प्रदेश सरकारको तर्फबाट गरिने बहस, पैरवी र प्रतिरक्षा एवम् कानूनी राय तथा यस ऐन बमोजिम कार्यान्वयन गर्नु पर्ने विषयमा मुख्यन्यायाधिवक्ताको कार्यालयले आवश्यक निर्देशिका बनाउन सक्नेछ।

१९. **बचाउ** : यो ऐन प्रारम्भ हुनुपूर्व मुख्यन्यायाधिवक्ताको कार्यालयबाट भएगरेका कामकारवाही यसै ऐन वमोजिम भएगरे सरह मानिने छ।

## अनुसूची - १

(दफा १४ सँग सम्बन्धित )

शपथ

म ....... ....... ... ... मुलुक र जनताप्रति पूर्ण वफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा निहित रहेको नेपालको संविधानप्रति पूर्ण वफादार रहँदै मुख्य न्यायाधिवक्ता पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताइ, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई इमान्दारिताका साथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारीमा आएको गोप्य राख्नु पर्ने कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि कानूनको पालन गर्दा बाहेक अरु अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

मिति :                                        हस्ताक्षर ...............

प्रमाणीकरण मिति : २०७५/०५/०३

**आज्ञाले,**

**शङ्कर अर्याल**

**प्रदेश सरकारको सचिव**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-**
**गो.ह.द.नं. १६।२०६२।६३**